# नेपाल पत्रकार महासंघ

मिति २०७६/८/१०

## शोक विज्ञप्ती

वरिष्ठ पत्रकार एंव राष्ट्रिय सूचना आयोगका संस्थापक प्रमुख आयुक्त विनय कसजुको ६९ वर्षको उमेरमा मंगलबार निधन भएको छ। २००४ सालमा पाल्पाको तानसेनमा जन्मीनु भएका कसजुको ललितपुरको मेडिसिटी अस्पतालमा देउसो निधन भएको हो। निमोनियको कारण गम्भिर विराम भई उहाा कार्तिक १९ गते उक्त अस्पतालमा उपचारार्थ भर्ना हुनु भएको थियो।

पत्रकारिता, सूचनाको हकको अभियन्ता र प्रसिद्ध बालसाहित्यकार कसजुको निधनले मुलुकले पत्रकारिता क्षेत्रको एक धरोहर, सूचनाको हकको अभियन्ता र नेपाली वाङ्मयका एक मुर्धन्य सष्ट्रालाई गुमाएको छ। अनुभवी र परिपक्व पत्रकार कसजुको निधनले नेपाली पत्रकारिता र प्राज्ञिक क्षेत्रलाई अपुरणिय क्षति पुगेको छ।

नेपाल पत्रकार महासंघ स्व. कसजु प्रति हार्दिक श्रध्दाञ्जली प्रकट गर्दछ। साथै शोकको यस घडिमा शोकसन्तप्त परिवारजनमा हार्दिक समबेदना प्रकद गर्दछ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org